# स्वास्थ्य नीति

**प्रस्तावना**

विश्व स्वास्थ्य संगठनको विधानको प्रस्तावनामा उल्लेख गरेअनुसार, स्वास्थ्य भनेको “रोग वा अशक्त नहुनु मात्रै होइन”, तर “पूर्ण शारीरिक, मानसिक र सामाजिक कल्याणको अवस्था” पनि हो। यस बाहेक, " कुनै पनि जाति, धर्म, राजनीतिक आस्था, आर्थिक वा सामाजिक अवस्थाको भेदभाव नगरिकन मानिसले पाउन सक्नेजति स्वास्थ्य सेवा अनुभुति गर्नु प्रत्येक मानिसको एउटा मौलिक अधिकार हो।"

मानिसहरूको लागि स्वास्थ्य भन्ने चीज स्वस्थ वातावरण र समाज भएको अवस्थामा मात्रै सम्भव रहेको हुन्छ। स्वास्थ्य एकजना व्यक्ति र सबै मानिस दुवै पक्षको राम्रो कुरा हो भन्ने कुरालाई स्वीकार गर्दै, ग्रीन्स (Greens) ले व्यक्ति र समुदाय तथा समाज दुवैको स्वास्थ्यको विषयलाई झनै फराकिलो हुनेगरि प्रबर्द्धन गर्न नीति निर्माण गर्दछ।

**सोच**

यो ग्रीन्स व्यक्ति र समुदायहरूलाई उनीहरूको सबैभन्दा ठूलो व्यक्तिगत र सामूहिक शारीरिक, मानसिक, र मनोवैज्ञानिक क्षमता प्राप्त गर्न अनुमति दिने स्वास्थ्य प्रणाली तथा नीतिहरू बनाउन अनवरत रुपमा प्रयासरत रहेको छ। सम्पूर्ण सार्वजनिक सेवाहरू जस्तै, स्वास्थ्यको अधिकारलाई पनि जाति, धर्म, राजनीतिक आस्था, आर्थिक, सामाजिक अवस्था, वा अन्य स्वेच्छाचारी विभेदमा आधारित हुने नकारात्मक भेदभावबिना संरक्षण र प्रबर्द्धन गरिनु पर्दछ। यसका अतिरिक्त, राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रगति सूचकहरूले सरकारको सबै तहहरुमा नीति, कार्यक्रम, र रणनीतिक मार्गनिर्देशन गर्न जीवनको गुणस्तर र स्वास्थ्यसम्बन्धि आँकडालाई समाहित गर्नु नै पर्दछ।

**लक्ष्य**

ग्रीन्सको उद्देश्य भनेको सार्वजनिक स्वास्थ्य र स्वास्थ्य हेरचाह सेवालाई प्रबर्द्धन गर्नु हो, जुन समाजका नकारात्मक भेदभावबाट मुक्त रहेको हुन्छ र यसले मानिस तथा समुदायहरूको जीवनको सबै क्षेत्रमा स्वास्थ्यको अधिकारलाई महसुस गर्दछ। यसको लक्ष्य भनेको नयाँ सार्वजनिक स्वास्थ्य चेतनाको विकास गर्नु पनि हो, जसले व्यक्तिगत र सामूहिक कार्यको माध्यमबाट, निहित स्वार्थहरूको लागि चुनौती दिनेछ र सुधारिएको स्वास्थ्य अवस्था प्राप्त गर्न आवश्यक व्यक्तिगत, सामाजिक र राजनीतिक परिवर्तनहरूलाई प्रोत्साहित गर्दछ।

**कार्य योजना**

ग्रीन्सको कार्य योजना भनेको रोगको उपचार गर्ने र निको पार्ने कार्यका साथसाथै, व्यक्तिगत र सामुदायिक आत्मनिर्भरतालाई रोकथाम गर्ने, प्रबर्द्धन गर्ने र विकासमा जोड दिने स्वास्थ्य सेवाहरूको विकास गर्दै लैजाने हो। त्यस्ता सेवाहरूलाई सशक्तीकरण गर्ने, सहभागितामूलक बनाउने र प्रजातान्त्रिक खालका हुनेछन् र तिनीहरूको विकास प्रयोगकर्ताहरूको स्वास्थ्य आवश्यकताहरूका आफ्नै धारणाबाट निर्देशित हुनेछन्। तसर्थ, ग्रीन्सले निम्न काम गर्नेछ -

**सार्वजनिक स्वास्थ्य सेवा**

- आधारभूत अधिकारको रूपमा सरकारी अनुदान दिइएको स्वास्थ्य सेवामा पूर्ण पहुँच सुनिश्चित गर्नेछ
- सरकारी अनुदान रकम प्राप्त प्राथमिक दन्त चिकित्सा सेवामा सबैजना जनताको पहुँचतर्फ काम गर्नेछ
- सरकारी अनुदान रकम प्राप्त मानसिक स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच सुनिश्चित गर्नेछ
- स्वास्थ्य सेवाहरूको बारेमा गरिने निर्णयहरू सबैभन्दा बलियो सम्भावित प्रमाणको आधारमा हुन्छन् भन्ने सुनिश्चित गर्नेछ
- स्वास्थ्य हेरचाहको एकीकृत मोडेललाई समर्थन गर्दछ, जसले सुरक्षित र प्रभावकारी पूरक र वैकल्पिक स्वास्थ्य सेवा दृष्टिकोणहरू समावेश गर्दछ।
- सबै आर्थिक पृष्ठभूमि भएका मानिसहरुमा राम्रो स्वास्थ्य र सबैको कल्याणको लागि आवश्यक संसाधन र अवसरहरूको पहुँच छ भन्ने सुनिश्चित गर्नेछ
- रोकथामका उपाय र सामाजिक रुपमा हुने बेफाइदाहरु कम गर्ने उपायहरुलाई प्रोत्साहित गर्नेछ
- रोकथाम उपायहरू, प्रारम्भिक मध्यस्थता, र नियमित हेरचाहमा प्राथमिक स्वास्थ्य सेवाको आधार बनाउनेछ
- स्वास्थ्य सेवा प्रणाली मानव अधिकार, व्यक्तिगत ईच्छा, र गोपनीयताको अधिकार पक्का हुन्ने भन्ने कुराको सुनिश्चित गर्नेछ
- विस्तृत खाद्यान्न लेबलिङ्ग प्रणाली सुनिश्चित गर्नेछ, जुन कडा रूपमा लागू गरिएको छ, पूर्ण सामाग्री र पोषणतत्वहरु हालिएको प्रमाण दिन्छ, र यसमा वैज्ञानिक रूपमा प्रमाणित स्वास्थ्य र पोषणहरुको दावीलाई मात्रै अनुमति दिन्छ।
- आदिवासी जनता र अल्पसंख्यक समुदायका लागि सांस्कृतिक रूपले उपयुक्त रहेको र समुदाय-नियन्त्रित स्वास्थ्य सेवाहरू सुनिश्चित गर्नेछ
- स्वैच्छिक खोपलाई रोग रोकथामको एउटा विधिको रूपमा सहायता गर्नेछ

**अस्पताल र स्वास्थ्य सेवा पेशाकर्मी**

- सबैजना जनताको लागि उच्च गुणस्तरीय, लागत प्रभावी उपचार सेवाहरूको पहुँच बढाउन हाल रहेका उपाय, कार्यक्रम र कानुनी कार्यहरूलाई समर्थन गर्दछ
- चिकित्सकिय सामान र सेवाहरूको लागि प्रमाणिक उचित मूल्यहरूको सुनिश्चित गर्दछ
- स्वास्थ्य सेवाका कर्मचारी, उपभोक्ता, र अन्य सार्वजनिक चासोको सेवाहरुको प्रतिनिधित्व सहित अस्पताल, क्लिनिक, र अन्य हेरचाह प्रदायकहरू प्रजातान्त्रिक ढङ्गले सञ्चालित छन् भनेर सुनिश्चित गर्दछ।
- स्वास्थ्य शुल्क र स्वास्थ्य बीमा छूट बीचको अन्तर सहित, सबै शुल्क, मूल्य, र सीधा खर्चको लागतको स्पष्ट र पारदर्शी खुलासाको सुनिश्चित गर्दछ।
- प्राथमिक, दोस्रो तह, र अस्पताल हेरचाहलाई नजिकैबाट समावेश गर्दछ
- समुदाय स्वास्थ्य केन्द्रहरुद्वारा साना-तिना रोग लागेको र घाइते भएको बेलामा हेरविचार गरेको सुनिश्चित गर्दछ
- पर्चामा हुने धेरै खर्चका दरहरू कम गर्दछ
- काम र सडकसँग सम्बन्धित दुर्घटनाहरूको रोकथाम र चोटपटक पुनःस्थापना सेवासम्बन्धि प्रावधानको लागि प्रभावकारी दृष्टिकोण सुनिश्चित गर्दछ
- ग्रामीण र दुर्गम क्षेत्रहरूमा स्वास्थ्य पेशाकर्मीहरूको पहुँच बढाउँदछ
- सबै स्वास्थ्यकर्मीहरूको पारिश्रमिक ज्याला सुनिश्चित गर्दछ
- दुर्व्यवहार, लापरवाही, र छली बिरुद्ध कडा कारवाहीसहित बिरामीको सुरक्षाको प्राथमिकता
- आफ्नो सहायता, समुदाय आधारित पहल, प्राथमिक स्वास्थ्य सेवा, र स्वास्थ्य शिक्षा र प्रबर्द्धन कार्यक्रमहरूको केन्द्र बिन्दुको रूपमा सामुदायिक स्वास्थ्य केन्द्रहरूको स्थापना गर्दछ
- सामुदायिक स्वास्थ्य केन्द्रहरूले सामान्य चोटपटक र बिरामीहरूको लागि पैदल यात्राको दूरीमा सुविधा प्रदान गर्दछ भन्ने सुनिश्चित गर्दछ

**एचआईभी/ एड्स**

- एचआईभी/ एड्स रोग लागेको मानिसहरूको स्वास्थ्यको सुरक्षा गर्दछ
- लघु चलचित्र, बृहत मिडिया, सामाजिक मिडिया र सञ्चारका अन्य उपकरणहरूको सहयोगमा एचआईभी/ एड्स रोगसँग लड्दछ
- यौन शिक्षाको सहयोगमा एचआईभी/ एड्सको नयाँ घटनालाई रोक्दछ
- विशेषगरी युवाहरुलाई एचआईभी/ एड्सको बारेमा शिक्षा दिन्छ
- एचआईभी/ एड्स विरूद्धको लडाईलाई पुनः प्राथमिकतामा राख्दछ र व्यक्तिको सहभागिता सुनिश्चित गर्दछ
- एचआईभी रोग लागेर जीवन बिताइरहेका मानिसहरूको अवस्थामा सुधार गर्दछ

**यौन तथा प्रजनन स्वास्थ्य**

- आफ्नो प्रजननसम्बन्धि ईच्छाहरूमा व्यक्तिगत स्वतन्त्रता र नैतिक रोजाईको सुनिश्चित गर्दछ
- परिवार नियोजन सेवाहरूको पहुँच र नि:शुल्क कन्डम र यौन स्वास्थ्य क्लिनिकहरूमा सबैको पहुँच सहित यौन स्वास्थ्य सचेतना अभियानहरूको लागि पर्याप्त रकम प्रदान गर्दछ
- मन नभई रहन गएको अनावश्यक गर्भधारणलाई यौन शिक्षा, पहुँचयोग्य गर्भनिरोधक सेवाहरू र धेरै लैङ्गिक समानतामार्फत कम गर्न सकिन्छ भनेर स्वीकार गर्दछ
- WHO को सिफारिशअनुसार, गर्भावस्था, जन्म, र बच्चा जन्मेपछिको हेरचाहको क्रममा उच्च गुणस्तरीय, सांस्कृतिक रूपमा उपयुक्त प्रसूति हेरचाह सुनिश्चित गर्दछ।
- कम जोखिमपूर्ण गर्भावस्थाको लागि प्राकृतिक रुपमा बच्चा जन्माउने विकल्पहरूमा पहुँच पुर्याउन सहायता गर्दछ
- सबै महिला र उनीहरूका जीवनसाथीहरूलाई आघात पर्दा र बच्चा जन्मेपछिको-उदासीनतासँग सामना गर्न मद्दत गरिन्छ भनेर सुनिश्चित गर्दछ
- सार्वजनिक भवन, कार्यस्थल र पसलहरूलाई महिलाहरूको लागि स्तनपान सुविधा उपलब्ध गराउन प्रोत्साहित गर्दछ
- UNICEF द्वारा स्थापित सबै स्वास्थ्य सेवा भवनहरुमा बच्चालाई सजिलो हुने स्थिति हुन्छ भनेर सुनिश्चित गर्दछ
- सबै महिलाहरूको लागि कानूनी रुपमा, निःशुल्क र सुरक्षित गर्भावस्था हटाउने सेवाहरूको पहुँच सुनिश्चित गर्दछ

**मानसिक स्वास्थ्य**

- मानसिक स्वास्थ्य समस्या कम गर्न कार्यक्रम, शिक्षा र सचेतना अभियानहरू लागू गर्दछ
- लामो समयदेखिको मानसिक र/ वा शारीरिक रोगहरू भएका मानिसहरूलाई समुदायमा बस्न र उनीहरूको लागि भाग लिन सक्षम बनाउन समुदायमा आधारित सहायता सेवाहरू उपलब्ध गराउँदछ
- सबै स्थानीय अधिकारीहरूलाई मानसिक स्वास्थ्य केन्द्रहरू स्थापना गर्न प्रोत्साहन गर्दछ
- मानसिक स्वास्थ्य सेवाका राम्रा अभ्यासहरूमा अनुसन्धानको लागि पर्याप्त रकम प्रदान गर्दछ
- मानसिक स्वास्थ्य सेवा उमेर, जातियता, लिङ्ग, यौनिकता र सांस्कृतिक र सामाजिक आर्थिक पृष्ठभूमिको आधारमा व्यक्तिहरूको आवश्यकताप्रति संवेदनशील छन् भनेर सुनिश्चित गर्दछ
- विद्यालयहरूलाई विद्यार्थीहरुले आत्मविश्वासका कुराकानी गर्न सकुन् भनेर उपयुक्त तालिम प्राप्त परामर्शदातालाई खटाउन प्रोत्साहित गर्दछ
- बालबालिका र किशोरावस्थाको मानसिक स्वास्थ्यलाई सहयोग पुर्‍याउने सेवाहरू उचित रकम पाएको र पहुँच योग्य छन् भनेर सुनिश्चित गर्दछ
- स्थानीय अधिकारीहरूले सबैले थाहा पाएका आत्महत्या स्थलहरूको अवस्था आउनबाट रोक्ने कार्यहरू गरेका छन् भनेर सुनिश्चित गर्दछ

**सूचित सहमति**

- कुनै पनि चिकित्सकिय, दन्त, औषधि, वा अन्य प्रक्रियाको लागि आफ्नै शरीरको सापेक्ष बल वा जबरजस्ती बिना प्रत्येक व्यक्तिको लागि सूचित सहमतिको अधिकार सुनिश्चित गर्दछ। सूचित सहमति प्रमाणित गर्न सकिने हुनुपर्छ
- शरीरको तन्तु वा अंग निकालेर लिइएको उत्पादनहरू, र शरीरभित्र घुसारेर, सूई दिएर, नमूना लिएर, र इमेजिङबाट, बिरामीको सूचित सहमति बिना प्रयोग गर्न सकिँदैन भनेर नियम बनाउदँछ
- बल वा जबर्जस्ती नगरि व्यक्ति आफैले निर्णय नगरेसम्म, कुनै पनि व्यक्तिको लागि सबै चिकित्सकिय, दन्त, र औषधि रेकर्ड डेटाको गोपनीयता हुन्छ भनेर सुनिश्चित गर्दछ
- बिरामीसँग उपचार स्वीकार गर्ने वा अस्वीकार गर्ने भन्ने विषयमा पूर्ण स्वतन्त्रता हुन्छ भनेर सुनिश्चित गर्दछ
- बिरामीको जीवनको अन्तिम समयतिर लिईएको चिकित्सकिय निर्णयहरू (कानूनले अनुमति दिईएको खण्डमा) गम्भीर रूपमा लिएको छ र बिरामीलाई आफ्नो उपचार र अन्य रेकर्डमा पहुँच हुने व्यक्तिहरू नियुक्त गर्ने अधिकार रहेको हुन्छ भनेर सुनिश्चित गर्दछ
- त्यस्ता बिरामीको सूचित सहमतिलाई स्पष्टसँग कागजातमा लेखेर राखिएको र निजलाई सूचित गरिएको छ भनेर सुनिश्चित गर्दछ

**औषधिको नियम र प्रिस्क्रिप्शन शुल्क**

- औषधीहरूको सुरक्षा र नियमन एक्लो सरकारी एजेन्सीले नियन्त्रण गरेको छ भनेर सुनिश्चित गर्दछ
- दुवै सिन्थेटिक फर्मास्यूटिकल्स र प्राकृतिक औषधिहरूको प्रयोग गरिरहेका चिकित्सक विज्ञहरुलाई समावेश गर्दै तिनीहरुका लागि उचित प्रमाणमा-आधारित विधाहरूको विकास गर्दछ
- स्वतन्त्र स्वास्थ्य उपचार एजेन्सीले उपचारको प्रभावकारिता र उपयुक्त विशेषज्ञलाई नयाँ उपचारहरूको सिफारिशहरूको बारेमा आश्वस्त बनाउँदछ भनेर सुनिश्चित गर्दछ
- आवश्यक उपचार पहुँच गर्न बाधाको रूपमा यसको खर्च हटाउँने फर्मास्यूटिकल र प्रिस्क्रिप्शन मूल्य नियन्त्रण संयन्त्र लागू गर्दछ
- सरसफाईसम्बन्धि उत्पादनहरूलाई अन्य आधारभूत आवश्यकताका वस्तुहरु जस्तै गरेर सबै विक्री कर र/ वा मूल्य अभिवृद्धि करहरूमा छुट दिने गर्दछ
- उपलब्ध भएको ठाउँमा स्तरीय फर्मास्यूटिकल्सको प्रयोगको प्रवर्द्धन गर्दछ

**समुदाय र विद्यालयहरूको स्वास्थ्य सेवा**

- घर वा समुदायमा आधारित सुविधा प्रदान गर्न सकेसम्म सक्षम पार्दै सामुदायिक सेवाहरूको अनुदान कोष बढाउँदछ
- बृद्धबृद्धा, मानसिक र शारीरिक स्वास्थ्य समस्या भएका, र सिक्नमा कठिनाई भएका अशक्त मानिसहरूका लागि सामुदायिक सेवाहरू बढाउँदछ
- प्रत्येक विद्यालयसँग आफ्ना विद्यार्थीहरूको लागि ताजा, स्वस्थ, र प्राथमिकताका साथ स्थानीय रूपमा उपलब्ध रहेको खाजा प्रदान गर्ने कोष र क्षमता छ भनेर सुनिश्चित गर्दछ
- विद्यालय पाठ्यक्रममा शारीरिक व्यायाम र शिक्षा, र विद्यालय समय बाहिरका विद्यार्थीहरूको लागि सक्रिय अतिरिक्त पाठ्यक्रम गतिविधिहरुको विकल्पको प्रवर्द्धन गर्दछ
- राष्ट्रिय औषधि घटाउने रणनीति सिर्जना गर्दछ र धेरै सुरक्षित सूईका साईटहरू विकास गर्दछ
- विद्यालय वा काममा स्वास्थ्य र स्वास्थ्यसम्बन्धि सवालहरूमा शैक्षिक कार्यक्रमहरू विकास गर्दछ

**अनुसन्धान तथा विकास**

- लागत-प्रभावी हेरचाह र रोकथाममा अनुसन्धानको एउटा विस्तृत कार्यक्रम लागू गर्दछ, र फर्मास्यूटिकल्स, चिकित्सकिय सामान, चिकित्सा उपकरण र अन्य स्वास्थ्य उपचार र प्रविधिहरूको मूल्याङ्कन, स्वीकृति, नियमावली र बजारको लागि कडा प्रणाली लागू गर्दछ
- स्वास्थ्य सेवाका सबै तह, विशेषगरी सार्वजनिक स्वास्थ्य, महामारी, नर्सिङ र सामुदायिक हेरचाह, र विशेषगरी समुदाय र प्राथमिक हेरचाह संस्थामा अनुसन्धान सहायता गर्दछ
- दुवै परम्परागत र वैकल्पिक/ पूरक हेरचाहको लागि अनुसन्धानको लागि अनुदान रकम सहायता गर्दछ

**विविध**

- उद्योग र कृषि क्षेत्रलाई वातावरण र स्वास्थ्यको दृष्टिकोणबाट अनुकुलित हुनेगरि प्रवर्द्धन गर्दछ
- स्वास्थ्यको लागि खतरनाक रहेको कृषि, उत्पादन र औद्योगिक उत्पादनहरू, जस्तै कीटनाशक विषादी, ग्लाईकोल, पारा, र औद्योगिक रसायनमा प्रतिबन्ध वा नियमन गर्दछ
- अत्याधिक औषधिउपचार सेवन गर्दा हुने खतरनाक अवस्था पहिल्याउन र कुलत रोक्नको लागि डाक्टरहरूले तोकेको फर्मास्यूटिकल्सको वितरण नियन्त्रण गर्दछ
- कार्यस्थलहरूले उचित व्यवसायिक स्वास्थ्य सेवाहरू प्रदान गर्दछ भनेर सुनिश्चित गर्दछ
- LGBTIQQ+ समुदाय विशेष स्वास्थ्य कार्यक्रमहरूलाई अनुदान कोष दिइएको छ र जोखिममा भएका व्यक्ति पहिचान गर्न र सहायता गर्न सक्षम छन् भनेर सुनिश्चित गर्दछ
- विज्ञापन, अनुदान कोष र कुनै पनि प्रकारको जबर्जस्तीपूर्ण उपचारको अभ्यासलाई प्रतिबन्ध लगाउँदछ जसले एकजना व्यक्तिको यौनिकता वा लैङ्गिक पहिचान बदल्नको लागि लक्षित गर्दछ
- अत्याधिक चिनीयुक्त सामाग्री भएको खाना र पेय पदार्थहरूको उपभोगलाई कम गर्दछ

**सन्दर्भसूची:**


*https://www.who.int/about/who-we-are/constitution*

*https://www.un.org/en/sections/issues-depth/health/index.html*

*https://www.globalgreens.org/globalcharter-english*

*https://greens.org.au/policies/health*

*https://www.greens.org.nz/health_policy*

*https://www.cagreens.org/platform/health-care*

*https://policy.greenparty.org.uk/he.html*

*https://indiagreensparty.org/policies/health/*

*https://www.greenparty.ca/en/our-vision/health-care*

*https://www.who.int/reproductivehealth/publications/intrapartum-care-guidelines/en/*